# कोभिड-१९का कारण मृत्यु भएका व्यक्तिहरूको शव व्यवस्थापन सम्बन्धी संक्षिप्त कार्यविधि (दोश्रो संशोधन),२०७७

(स्वीकृत मितिः २०७७/०६/२५, मा. मन्त्री स्तर)

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

**प्रस्तावना**ः कोभिड-१९ रोग मूख्यतः श्वास प्रश्वासबाट निस्कने छिटाहरुबाट, बिरामीसंगको प्रत्यक्ष सम्पर्कबाट र बिरामीले प्रयोग गरेको वा छोएको बस्तुसंगको अप्रत्यक्ष सम्पर्कबाट सर्ने भएता पनि मृत्यु पश्चात् मृत शरीरको संसर्गबाट रोग सरेको हाल सम्म कुनै प्रमाण फेला परेको छैन तर शव परीक्षण गर्दा वा शवको अन्य व्यवस्थापन गर्दा उचित सावधानी अपनाउनु आवश्यक हुन्छ। त्यसैले शव व्यवस्थापनको सिलसिलामा कानुनी प्रकिया बमोजिम पुरा गर्नु पर्ने विधि/प्रक्रियालाई समेत दृष्टिगत गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मितिः २०७७/०२/२० गते जारी गरेको कार्यविधिको पहिलो संशोधनलाई थप परिष्कृत गरी यो **"कोभिड-१९का कारण मृत्यु भएका व्यक्तिहरूको शव व्यवस्थापन सम्बन्धी संक्षिप्त कार्यविधि (दोश्रो संशोधन) २०७७"** जारी गरिएको छ।

१. <u>**कोभिड-१९ को कारणले हुने मृत्युको परिभाषाः**</u> कोभिड-१९ बाट मृत्यु भन्नाले कोभिड-१९ का लक्षण तथा चिन्हहरू र प्रयोगशाला निदानका आधारमा सम्भावित वा पुष्टि भएका केशहरूलाई भन्ने बुझ्नु पर्दछ।

२. कोभिड-१९ को कारण मृत्यु भएको शवको परम्परागत चली आएका अन्त्येष्टि गर्ने स्थानमा नै विशेष सावधानी अपनाई अन्त्येष्टि गर्नु पर्दछ। मृतकको धर्म परम्परा अनुसार शवको सम्मान गर्दै निजका आफन्तहरूलाई समेत सुरक्षित राख्नु पर्दछ।

३. अस्पताल, शव परीक्षण गृह, शव वाहन, चिहान, मैदान वा अन्त्येष्टि गर्ने स्थानमा शवको व्यवस्थापनमा काम गर्ने सबै व्यक्तिहरूले संक्रमण रोकथाम नियन्त्रणका विधिहरू अपनाई आवश्यकता अनुसार **अनुसूची "क"** अनुसारको व्यक्तिगत सुरक्षाका सामग्रीहरूको उचित प्रयोग गर्नु पर्दछ।

४. कुनै व्यक्तिको घर आइसोलेसनमा मृत्यु भएमा आफन्तले स्थानीय प्रतिनिधि र प्रहरीलाई खबर गर्नु पर्दछ। परिवारका सदस्यहरूले र अन्तिम संस्कारमा संलग्न हुने व्यक्तिहरूले सजगता अपनाई अन्त्येष्टि कार्य गर्नुपर्छ। यस्तो कार्यमा बच्चा र ६० वर्षभन्दा माथिका जेष्ठ नागरिक लगायत जोखिम समूहमा पर्ने व्यक्तिहरूलाई समावेश गराउनु हुँदैन। व्यक्तिगत सुरक्षाका सामग्री जस्तै पन्जा, मास्क, पुरा बाहुला भएको गाउन प्रयोग गरी शवलाई Wrap गर्ने र Body Bag मा राख्ने काम सम्बन्धित आफन्तले नै गर्नु पर्दछ। आइसोलेसनमा राखेको स्थान/कोठाबाट शव बोक्ने गाडीसम्म शव पुऱ्याउने काम मृतकको आफन्त कै हुनेछ।शव वाहन नभएको स्थानमा शव बोक्न प्रयोग हुने साधन (खट) बोक्ने व्यक्तिले मृत शरीर नछुने गरी बनाउनु पर्दछ र **अनुसूची "क"-२** बमोजिम सुरक्षा सामग्री प्रयोग गर्नु पर्दछ।

५. शव लिन जानु पूर्व शव वाहनका चालक तथा कर्मचारीहरूले **अनुसुचि "क"-५** बमोजिम सुरक्षाको सामग्री प्रयोग गर्नु पर्दछ।

६.	आइसोलेसन केन्द्र वा अस्पतालमा भएका बिरामीहरूको मृत शरीर अन्त्येष्टि गर्ने क्रममा निम्न कुराहरूमा ध्यान दिनु पर्दछ।

(क) **अनुसूची "क"** बमोजिम PPE गरी सबै उपकरणहरु हटाई सकेपछि शव Wrap गर्ने, Body Bag मा हाल्ने र शवलाई शव वाहनसम्म पुऱ्याउने काम आइसोलेसन केन्द्र वा अस्पतालले गर्ने।

(ख) अस्पतालबाट देहायबमोजिमका कागजातहरु उपलब्ध गराउनु पर्नेछ।

(अ) पी.सी.आर. रिपोर्ट

(आ) मृत्यु प्रमाणपत्र

(इ) शव बुझाउने सम्बन्धमा परिवारको मञ्जुरीनामा (**अनुसूची-"ख"** अनुसार रहेको)

(ई) अपराध अनुसन्धान आवश्यक पर्ने अवस्थामा प्रहरी प्रतिनिधिको हस्ताक्षर सहितको मन्जुरीनामा (**अनुसूची "ग"** अनुसार रहेको)

(ग) शवमा भएको सबै उपकरणहरू जस्तैः ट्युबहरू, क्याथेटरहरू आदि हटाई सबै घाउहरूलाई 0.5% Sodium Hypochlorite Solution ले सफा गरी कटन तथा गजपिसले बन्द गर्ने।

(घ) शवको नाक र मुखबाट तरल पदार्थ चुहावट रोक्नको लागि मुख र नाकका प्वालहरू बन्द गरिदिने।

(ङ) शवलाई अन्य अवस्थामा जस्तैः टाउको, अनुहार लगायतका शरीरका सबै भागहरू सेतो कपडाले लपेटेर Dead body bag मा राख्ने वा पानी नछिर्ने कपडा वा प्लास्टिकले लपेट्ने।

(च) मृतकले प्रयोग गरेका सबै लत्ताकपडाहरु उचित सावधानीका साथ Biohazard वा प्लास्टिकको झोलामा राख्नुपर्छ र झोलाको बाहिरी सतह 0.1% Sodium Hypochlorite Solution ले सफा गर्ने। पुनः प्रयोगमा आउन सक्ने सामग्रीहरू जस्तैः घडी/गर-गहनाहरू ७०% अल्कोहल स्यानीटाईजरले पुछी घाममा सुकायर मात्र प्रयोग गर्ने।

(छ) अस्पतालमा प्रयोग भएका सबै उपकरणहरू उचित संक्रमण रोकथामका अभ्यास अनुसार Autoclave वा 0.5% Sodium Hypochlorite Solution ले सफा गर्ने।

(ज) मृतकलाई परिवारका सदस्यहरूले हेर्न चाहेमा २ मिटरको दूरीमा पालैपालो अनुसूची "क-४.१" मा उल्लेखित सुरक्षा सामग्री प्रयोग गरी गर्ने।

(झ) शवलाई Body Bag राख्नु अगाडी घर वा आइसोलेसन केन्द्र वा अस्पतालमा मात्र हेर्न सकिनेछ।

(ञ) यदि मृतकको शव अन्त्येष्टि गर्ने कार्यमा कुनै कारण वश ढिलाइ हुने भएमा उक्त शवलाई शव गृहमा राख्ने व्यवस्था अस्पतालले नै गर्नु पर्दछ। शव जथाभाबी बेवारिसे ढंगबाट राख्नु हुँदैन।

७. मृतकको शरीर राखेका सतहहरू जस्तैः भुँई, टेबल, ओछ्यान, छेउछाउको टेवलहरु आदि 0.5% Sodium Hypochlorite Solution वा 70% Ethanol वा केही नभएमा साबुन पानीले सफा गर्नुपर्छ।

८. मृतक शरीरलाई अन्त्येष्टि गर्ने स्थानमा लगेपछि शव वाहन र स्ट्रेचरलाई 0.5% Sodium Hypochlorite Solution वा 70% Ethanol वा केही नभएमा साबुन पानीले सफा गर्नुपर्दछ।

९. अन्त्येष्टि गर्ने स्थलमा ध्यान दिनु पर्ने कुराहरूः

(क) अन्त्येष्टि कार्यमा संलग्न सबैले नियमित रूपमा हात धुने, मास्क र पन्जाको प्रयोग गर्ने लगायतका सावधानी अपनाउनु पर्दछ।

(ख) अन्त्येष्टि गर्ने स्थलमा Body Bag नखोली दुरी कायम गरी माला चढाउने व्यवस्था गर्न सकिनेछ।

(ग) मृत शरीरसँग सिधै सम्पर्कमा आउने कार्यहरु जस्तै मुसार्ने, अंगालो हाल्ने, ढोग्ने, चुम्बन गर्ने जस्ता कार्यहरू गर्नु हुदैन।

(ज) शवको खरानीले कुनै जोखिम पैदा गर्दैन र अन्तिम संस्कार गर्नको लागि संकलन गर्न सकिन्छ।

(झ) अन्त्येष्टि गर्ने स्थानमा ठुलो जमघट गर्न हुँदैन।एक आपसमा न्युनतम २ मिटरको भौतिक दूरी कायम राख्न जरुरी हुन्छ।

१०. बेवारिसे वा कसैबाट दाबी नभएको र कोभिड-१९बाट मृत्यु भएको शंका लागेमा आवश्यकता अनुसार अनुसन्धान गरी सबै सूचनाहरूको विस्तृत अभिलेखीकरण गरी प्रचलित कानुनी प्रावधान अनुसार अन्त्येष्टि गर्नुपर्छ।

११. कोभिड-१९बाट मृत्यु भएको यकिन भएका मृतकहरूको पोस्ट मार्टम गर्नु पर्दैन। अपराध अनुसन्धानको प्रयोजनको लागि पोस्ट मार्टम गर्नु परेमा संक्रमण रोकथाम तथा नियन्त्रणका विधिहरू अपनाउनु पर्दछ।

१२. विपद सम्बन्धी शवहरूको व्यवस्थापन गर्नु परेमा "विपद पश्चातको व्यवस्थापन सम्बन्धी मार्ग दर्शन, २०६८ (संशोधन सहित)" ले तोकेका प्रक्रियाहरू पालना गर्दै आवश्यकता अनुसार यस कार्यविधिलाई प्रयोग गर्नु पर्नेछ।

१३. नेपाल सरकार, मन्त्रिपरिषदको मं. प. बै. स. १२/७७ मिति २०७७/०२/१२को निर्णय "कोभिड-१९ को कारणबाट मृत्यु भएका व्यक्तिको शव व्यवस्थापन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको शव व्यवस्थापनसम्बन्धी प्रोटोकल, २०७७ बमोजिम स्थानीय प्रशासनको समन्वयमा नेपाली सेनाले गर्ने" बमोजिम गर्नुपर्छ।

१४. अनाथालय/आश्रममा रहेका वा वेवारिसे व्यक्ति कोभिड-१९ संग मिल्दोजुल्दो लक्षण देखापरि मृत्यु भएको खण्डमा शव व्यवस्थापनको प्रकृयामा देहाय बमोजिम जवाफदेहिता हुनेछः

(क) स्थानीय निकाय/वडा अध्यक्ष/सम्बन्धित संस्था(अनाथालय/आश्रम)ले स्थानीय प्रशासनसँग खबर गर्नु पर्दछ।

(ख) नेपाल प्रहरीले नियमित प्रक्रिया अगाडी बढाउने र नेपाली सेनाको शव व्यवस्थापन टोलीसँग आवश्यक समन्वय गर्नु पर्दछ।

१५. विदेशी नागरिकको हकमा समेत उपरोक्त सबै विधिहरू लागू हुनुका साथै सम्बन्धित दूतावासबाट समेत शव व्यवस्थापन गर्ने लिखित स्वीकृती प्राप्त भएको हुनु पर्दछ।

१६. मृत्युको कारण पत्ता लगाउनुपर्ने कानुनी बाध्यता वा अध्ययन/अनुसन्धान गर्ने अवस्थामा बाहेक अन्य अवस्थामा मृत्यु पश्चात् कोभिड-१९को प्रयोगशाला परीक्षण गर्नु पर्दैन। मिति: २०७७/०२/३२ मा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको "मृत्यु पश्चात् कोभिड-१९को प्रयोगशाला परीक्षण सम्बन्धी संक्षिप्त मार्गदर्शन, २०७७" लाई खारेज गरिएको छ।

**नोटः** शव व्यवस्थापन सम्बन्धी संक्षिप्त फ्लोचार्ट **अनुसूची "घ"** मा उल्लेख छ।

अनुसूची "क"

<u>शव व्यवस्थापन गर्दा चाहिने व्यक्तिगत सुरक्षा सामग्री</u>

| सि.नं. | विवरण | समावेश हुनु पर्ने सामाग्रीहरू |
|---|---|---|
| १ | **शव परीक्षण** (Autopsy) | (क) सम्पूर्ण सुरक्षात्मक कपडा (Coverall)<br>(ख) लामो बाहुला भएको पानी नछर्ने Gown<br>(ग) पञ्जा **(2 pairs or 1 pair autopsy gloves)**<br>(घ) मुख छोप्ने (Face shield)<br>(ङ) चस्मा (Goggles)<br>(च) N95 masks or Aerosol – generating procedures or सर्जिकल मास्क<br>(छ) गम बुट<br>(ज) टोपी (Head cover)<br>(झ) जुत्ताको खोल (Shoe cover – Knee length) |
| २ | **शव व्यवस्थापन गर्ने व्यक्ति** | (क) पानी नछिर्ने अप्रोन<br>(ख) पञ्जा<br>(ग) सर्जिकल मास्क<br>(घ) चस्मा<br>(ङ) गम बुट |
| ३ | **शव गृह** | (क) पानी नछिर्ने अप्रोन<br>(ख) पञ्जा<br>(ग) सर्जिकल मास्क<br>(घ) चस्मा<br>(ङ) गम बुट<br>(च) लामो बाहुला भएको **Gown** |
| ४ | **नातेदार** | १. **नातेदारहरु/अन्त्येष्टिमा संलग्न व्यक्तिहरुले लगाउने** PPE<br>(क) पञ्जा<br>(ख) सर्जिकल मास्क<br>२. **घरमा मृत्यु भएको अवस्थामा नातेदारले शव व्यवस्थापन गर्दा लगाउने** PPE<br>(क) पञ्जा<br>(ख) सर्जिकल मास्क<br>(ग) पुरा बाहुला भएको गाउन<br>(घ) चस्मा |

| सि.नं. | विवरण | समावेश हुनु पर्ने सामाग्रीहरू |
|---|---|---|
| ५ | यातायात | **शव वाहनको चालकले प्रयोग गर्ने**<br>(क) सर्जिकल मास्क<br>(ख) पञ्जा |
| ६ | अन्त्येष्टि | (क) सर्जिकल मास्क<br>(ख)पञ्जा |
| ७ | कोभिड-१९ बाट शंकास्पद मरण भएको तर swab परीक्षण गर्दा Negative देखिएमा | (क) पानी नछिर्ने अप्रोन<br>(ख) पञ्जा (Nitrile)<br>(ग) सर्जिकल मास्क<br>(घ) चस्मा<br>(ङ) गम बुट |
| ८ | फोहोर व्यवस्थापन र वातावरण सरसफाई | Disposal Bag for Bio-Hazardous Waste or Thick Plastic Bag किटाणु/विषाणु रहित पारि सफा गर्न 70% Ethanol, 0.5% or 0.1% (Minimum Concentration) of Sodium Hypochlorite Solution |
| ९ | हातको नियमित सरसफाई | Alcohol Based Hand Rub (Hand Sanitizer) Running Water Soap हात सुकाउनको लागि (Disposable Towel, Tissue Paper, Paper Towel) |

## अनुसूची "ख"

## मृतकका आफन्तसंग लिइने मन्जुरीनामा-१

........................अस्पताल,..........................मा मिति २०७७/...../..... गते कोभिड-१९ संक्रमणको कारण मृत्यु भएका ......... प्रदेश,............................जिल्ला, .............................. म.न.पा./न.पा./गा.पा.,वडा नं..........बस्ने बर्ष .......... को ......................................को शव व्यवस्थापनका लागी मृतकका नातेदार म..........................................., ............प्रदेश, .......................जिल्ला, .......................म.न.पा./न.पा./गा.पा., वडा नं............ बस्ने बर्ष.................को .......................................अस्पतालबाट नेपाल सरकारले व्यवस्था गरे अनुसार मेरो ........................................ को शव पशुपति आर्यघाट/चिहान/कब्रस्थानमा दाहसंस्कार गर्न लैजान मेरो मन्जुरी छ ।नेपाल सरकार, मन्त्रिपरिषद मं.प.बै.सं.१२/७७ मिति २०७७/०२/१२ गतेको बैठकले पारित गरेको **"शव व्यवस्थापन कार्यविधि, २०७७"** बमोजिम शव व्यवस्थापनको लागी खट्टिएको नेपाली सेनाको श्री ...............................गणको प्रतिनिधिलाई आज मिति २०७७/......../........ गते शव व्यवस्थापन कार्यमा सहयोग गरिदिनु हुनको लागी शव (अस्पतालबाट अन्तिम संस्कार गर्ने स्थानसम्म लगि शव दाहसंस्कार गर्नको लागी मात्र) हस्तान्तरण गर्दछु । मैले सुरक्षाका सम्पूर्ण उपायहरु अपनाई पार्थिव शरिरको अन्तिम दर्शन गरि सम्पुर्ण कानुनी तथा कागजी प्रकृयाहरु पुरा गरिसकेको समेत जानकारी गराउँदछु ।

ईति सम्बत २०७७ साल .............. महिना................ गते रोज .................शुभम ।

<u>बुझाउनेको दस्तखत</u>

नामथरः

वतनः

मृतकसंगको सम्बन्ध/नाताः

सम्पर्क नम्बरः

<u>अस्पताल प्रशासनको दस्तखत</u>

नामथर:

सम्पर्क:

## अनुसुची "ग"

## अपराध अनुसन्धान आवश्यक पर्ने अवस्था भएमा लिईने मन्जुरीनामा-२

........................अस्पताल,..........................मा मिति २०७७/...../..... गते कोभिड-१९ संक्रमणको कारण मृत्यु भएका ......... प्रदेश,............................जिल्ला, .............................. म.न.पा./न.पा./गा.पा.,वडा नं..........बस्ने बर्ष .......... को ..........................................को अप्राकृतिक (...............................) मृत्यु भएको हुंदा निजको शव व्यवस्थापनका लागी मृतकका नातेदार म.........................................., ............प्रदेश, .......................जिल्ला, .......................म.न.पा./न.पा./गा.पा., वडा नं............ बस्ने बर्ष................को ...........................................अस्पतालबाट नेपाल सरकारले व्यवस्था गरे अनुसार मेरो ........................................... को शव पशुपति आर्यघाट/चिहान/कब्रस्थानमा दाहसंस्कार गर्न लैजान मेरो मन्जुरी छ ।नेपाल सरकार, मन्त्रिपरिषद मं.प.बै.सं.१२/७७ मिति २०७७/०२/१२ गतेको बैठकले पारित गरेको **"शव व्यवस्थापन कार्यविधि, २०७७"** बमोजिम शव व्यवस्थापनको लागी खट्टिएको नेपाली सेनाको श्री ...............................गणको प्रतिनिधिलाई आज मिति २०७७/......../........ गते शव व्यवस्थापन कार्यमा सहयोग गरिदिनु हुनको लागी शव (अस्पतालबाट अन्तिम संस्कार गर्ने स्थानसम्म लगि शव दाहसंस्कार गर्नको लागी मात्र) हस्तान्तरण गर्दछु । मैले सुरक्षाका सम्पूर्ण उपायहरु अपनाई पार्थिव शरिरको अन्तिम दर्शन गरि सम्पुर्ण कानुनी तथा कागजी प्रकृयाहरु पुरा गरिसकेको समेत जानकारी गराउँदछु ।

ईति सम्बत २०७७ साल .............. महिना................ गते रोज .................शुभम ।

**बुझाउनेको दस्तखत**

नामथरः

वतनः

मृतकसंगको सम्बन्ध/नाताः

सम्पर्क नम्बरः

**अस्पताल प्रशासनको दस्तखत**

नामथर:

सम्पर्क:


**नेपाल प्रहरीको प्रतिनिधिको दस्तखत:**

नामथर:

दर्जा:

अनुसूची "घ"

**कोभिड-१९ Confirmed/Suspected/Probable Case बाट मृत्यु भएमा शव व्यवस्थापन गर्ने तरिका**




नोट :

(१) COVID-19 को संक्रमणबाट मृत्यु भएको पुष्टि भएका शवलाई माथि उल्लेखित प्रकृयाहरु पुऱ्याई शवलाई अन्त्येष्टि प्रकृया अघि बढाउने ।

(२) पहिचान नभएका (वेवारिसे) शव भएमा गाड्ने प्रकृया मिलाउने।

(३) शवलाई Body Bag मा राखे पश्चात खोलेर हेर्न पाईनेछैन ।